सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५५ | गान्तोक, (सोमवार) जनवरी १७, २०२२ | अङ्क १

## सिक्किममा पनि बूस्टर डोज शुरु



गान्तोक।

१० जनवरी, देशसंगै सिक्किममा पनि सोमवारदेखि स्वास्थ्यकर्मी फ्रण्टलाइन वरियर र ६० वर्षभन्दा माथि उमेर पुगेका बृद्ध-वृद्धाहरूको निम्ति कोरोनारोधी सावधानी खुराक खोप(बुस्टर डोज) शुरु भएको छ। राज्यपाल श्री गंगाप्रसादद्वारा राजधानीको सोकेथाङस्थित एसटीएनम अस्पतालको आयुष भवनमा आयोजित एक संक्षिप्त कार्यक्रममा यो अभियानको शुरुवात गर्ने क्रममा राज्यपालले पनि बुस्टर डोज लिनुभयो।

खोप लिइसकेपछि राज्यपाल श्री गंगाप्रसादले कोरोनास्थित एकपल्ट फेरि बढ्न थालेको जनाउँनुहुँदै राज्यवासीलाई स्वास्थ्य विभागद्वारा जारी गरिएको दिशानिर्देश पालन गर्न अपील गर्नुभयो। उहाँले मानिसहरूलाई लापारबाही नगर्न अनावस्यक रुपमा बाहिर नजान, बाहिर जाँदा माक्स लगाउन अपील गर्नुभयो।

उहाँले स्वास्थ्य रहे मात्र केही गर्न सकिने जनाउँनुहुँदै कोरोनाको यो तेस्रो लहर समाप्त नभएसम्म कोरोना निर्देश पालन गर्न अपील गर्नुभयो।

## मुख्यमन्त्रीद्वारा सम्मान भवनमा भिडियो कन्फरेन्समा सहभागिता




गान्तोक।

१३ जनवरी, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सम्मान भवनमा सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरूसँग प्रधानमन्त्रीद्वारा गर्नुभएको भिडियो कन्फरेन्समा भाग लिनुभयो।

बैठकमा केन्द्रीय गृहमन्त्री, केन्द्रीय स्वास्थ्य मन्त्री, अन्य केन्द्रीय मन्त्रीहरू, सबै राज्यका मुख्यमन्त्री र केन्द्र शासित प्रदेशका प्रशासकहरू र भारत सरकार र राज्यका वरिष्ठ अधिकारीहरू पनि उपस्थित हुनुहुन्थ्यो।

देशमा कोभिड-१९ को अवस्थाको समीक्षा गर्न र रोकथामका लागि गरिएका उपायहरूको समीक्षा गर्न बैठक डाकिएको थियो।

प्रधानमन्त्रीद्वारा राज्यस्तरमा पर्याप्त स्वास्थ्य पूर्वाधार सुनिश्चित गर्न र किशोरकिशोरीहरूलाई मिशन मोडमा खोप अभियान सञ्चालन गर्न आह्वान गर्नुभयो।

## कञ्चनजङ्घा राज्य विश्वविद्यालय कोर्टको प्रथम बैठक सम्पन्न



राजभवन।

१० जनवरी, सिक्किमका राज्यपाल श्री गंगाप्रसादको अगवाईमा कञ्चनजङ्घा राज्य विश्वविद्यालय कोर्टको प्रथम बैठक सम्पन्न भयो। यो जानकारी रहोस् कि, कञ्चनजंघा राज्य विश्वविद्यालयको सञ्चालन २०१८ देखि शुरू भएको थियो भने हाल नरबहादुर भण्डारी डिग्री कलेजबाट सञ्चालन भइरहेका छन। यसको स्थायी परिसर दक्षिण सिक्किमको तिमी तार्कुमा निर्माण भइरहेको छ।

उक्त बैठक्मा विश्वविद्यालयको सञ्चालन गर्न विभिन्न नियम-प्रतिनियम पारित गरी गरियो। बैठकमा लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा, शिक्षा विभागका अतिरिक्त मुख्य सचिव श्री जी.पी उपाध्याय कञ्चनजंघा राज्य विश्वविद्यालयका उपकुलपति प्रो आशिष शर्मा उपस्थित हुनुहुन्थ्यो।

राज्यपालद्वारा विश्वविद्यालयका कुलपतिको अनुसार विश्वविद्यालयको वार्षिक बजेटको अवलोकन गर्नुहुँदै कार्यशैलीको सफल सञ्चालनको निम्ति दिशानिर्देश दिनुभयो।

## राज्यस्तरीय नामसुङ पर्व भव्य रूपमा पालन

गान्तोक।

७ जनवरी, राज्यस्तरीय नामसुङ पर्व बिरस्पती परसाई सरकारी उच्च माध्यमिक विद्यालय मैदान मारचक रानीपुलमा ठूलो उत्साह र परम्परागत रुपमा मनाइयो।

कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ प्रमुख अतिथि हुनुहुन्थ्यो। उहाँको साथमा उहाँकी धर्मपत्नी श्रीमती कृष्ण राई पनि हुनुहुँन्थ्यो। कार्यक्रममा मन्त्रीपरिषद्, विधायकहरू, सांसदहरू, सल्लाहकारहरू,अध्यक्षहरू र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

मुख्यमन्त्रीको आगमनमा उत्सव समितिद्वारा न्यानो स्वागत गरिएको थियो र लेप्चा समुदायका प्रमाणिक वस्तुहरू राखिएका

रहल पृष्ठ २ मा.....

## मुख्यमन्त्रीद्वारा आईएमसी टोलीसित भेटवार्ता



गान्तोक।

१६ जनवरी,मुख्यमन्त्री श्री प्रेमसिंह तामाङद्वारा गृह मन्त्रालय, भारत सरकार अन्तर्गतको अन्तर-मन्त्रीस्तरीय केन्द्रीय टोली (आईएमसीटी)-सँग उहाँको आधिकारिक निवास मिन्तोकगाङमा भेटवार्ता गर्नुभयो। सिक्किममा प्राकृतिक विपद्का कारण भएको क्षतिको आंकलन गर्न आइएमसीटी टोली आउनुभएको थियो। टोलीको नेतृत्व संयुक्त सचिव एनडीएमए, भारत सरकार, श्री कुणाल सत्यार्थीले गर्नुभएको थियो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङद्वारा यस दलको गठनमा खुशी व्यक्त गर्नुहुँदै मन्त्रालयबाट थप सहयोगको आशा गर्नुभयो। प्रभावितलाई सहयोगको निम्ति राज्यका सबै जिल्लाहरूमा यात्रा गर्न आफ्नो अमूल्य समय जोगाएर राखिएकोमा टोलीका सदस्यहरूको समर्पणको पनि उहाँले सराहना गर्नुभयो। राहत आयुक्त एवं सचिव, भूमि राजस्व आपदा व्यवस्थापन विभाग सिक्किम सरकार, श्रीमती सरला राईले एनडीएमएको निर्देशन अनुसार १० दिनको अवधिमा अन्तिम ज्ञापन पत्र मन्त्रालयमा पेश गर्ने आश्वासन दिनुभयो।

# जोरथाङमा दुःख हरण पूजा भव्यरूपमा पूजा सम्पन्न



नाम्ची।

१ जनवरी, दुख हरण पूजा २०२२ दक्षिण सिक्किमको जोरथाङ खेल मैदानमा भव्यताका साथ सम्पन्न भयो।

पूजा कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ र उहाँकी धर्मपत्नी श्रीमती कृष्ण राईको उपस्थिति रहेको थियो।

उहाँहरूसंग मन्त्रीगण, विधायकगण, सांसदगण, महानुभावहरु, अधिकारीगण, पूजा समितिका सदस्य सदस्याहरु र सर्वसाधारणको उपस्थिति रहेको थियो। पूजा समारोहमा मास्टर गडएञजलको उपस्थिति थियो।

कार्यक्रमको शुरुवातमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र उहाँकी धर्मपत्नी र उहाँका परम गुरु गडएञजलले पूजा र दीप प्रज्वलन गर्नुभएको थियो।

समारोहमा, मुख्यमन्त्रीले सिक्किमका जनतालाई आशीर्वाद दिनु भएकोमा मास्टर गडएञजललाई कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले स्वर्गीय पथ संगठन कुनै धर्म नभई सबै धर्मलाई एउटै रूपमा पुज्ने र प्रेम र शान्तिलाई स्वीकार गर्ने विचारधारा भएको उल्लेख गर्नुभयो। उहाँले यस संस्थाले घृणा, दुष्टता र ईर्ष्यालाई उन्मूलन गरी प्रेम र भाइचारामा परिणत गर्ने बताउनुभयो। यही विचारधाराबाट धेरै युवाले आफ्नो जीवन परिवर्तन गरी आज शान्तिपूर्ण जीवनयापन गरिरहेको बताउनुभयो। उहाँले सिक्किमका प्रत्येक नागरिकलाई प्रेम, शान्ति र भातृत्वको विचारधारा जगाउन र हाम्रो राज्य, हाम्रो राष्ट्र र समग्र विश्वको समृद्धिका लागि प्रत्येक धर्मलाई एउटै रूपमा सम्मान गर्न अनुरोध पनि गर्नुभयो। त्यसपछि उहाँले सबैलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्नुभयो।

त्यसपछि गुरु हजुरको आध्यात्मिक सन्देशले समारोहलाई धन्यबाद दिनुभएको थियो। उहाँले सबैलाई आफ्नो माया र आशीर्वाद दिनुभयो विचारधाराको देवत्वको बारेमा प्रकाश पार्नुभयो। उहाँले प्रेमवाद स्वर्गीय पथ संगठनको मुख्य विचारधारा भएको र सबै धर्मलाई एक भएर प्रचार गर्ने बताउनुभयो।

पूज्य अमितव गुरुजीले गुरु हजुरको संक्षिप्त जीवनी प्रस्तुत गर्नुभएको थियो। उहाँले गुरु हजुरले सबै भक्तजनप्रति देखाएको प्रेम र समर्पणको बारेमा प्रकाश पार्नुभयो।

समारोहमा मुख्यमन्त्री उहाँकी धर्मपत्नी र परम गुरु गडएञजलसहित सम्पूर्ण उपस्थित मानुभावहरूले कोभिड-१९ सँग लड्दै ज्यान गुमाएका दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै एकजना स्वास्थ्यकर्मीको ज्यान बचाउँदै ज्यान गुमाउने बहादुर डा सञ्जय उप्रेतीप्रति पनि श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

समारोहमा जिल्ला सूचना अधिकारी /दक्षिण श्रीमती दीप्ती प्रधान, खण्ड विकास अधिकारी (सुम्बुक) श्री किरण थटाल, मुख्य संयोजक (कक्षा १० र १२ का विद्यार्थीहरूको लागि मुख्यमन्त्री नि: शुल्क शीतकालीन कोचिंग)को निम्ति श्री रवि खालिङ, संयोजक डा सी.पी. खतिवडा र अन्य सर्वसाधारणको उपस्थिति रहेको थियो।

# सिक्किम राज्यमा १५ देखि १८ उमेर समूहका लागि कोभिड-१९ खोपको सुरुवात



गान्तोक।

३ जनवरी, सिक्किम सरकारको स्वास्थ्य र परिवार कल्याण विभागद्वारा आयुष भवन, एसटीएनएम अस्पताल, सोच्यागाङमा १५ देखि १८ वर्ष उमेर समूहका लागि कोभिड-१९ खोप सुरु गरिएको छ।

खोप अभियान एकैसाथ सबै जिल्ला अस्पताल र पीएचसी अन्तर्गत कोभिड खोप केन्द्रहरूमा सुरु गरिएको थियो।

एसटीएनएम अस्पतालमा खोप अभियानको औपचारिक शुभारम्भमा उपमेयर, जीएमसी, श्रीमती छिरिङ पाल्देन, स्वास्थ्य आयुक्त-सह-सचिव, श्री डी. आनन्दन, डीजी सह सचिव, स्वास्थ्य, डा पेम्पा टी. भोटिया र काउन्सिलरहरू उपस्थिति हुनुहुन्थ्यो। एएमएस-१ एएमएस-२ एडीएचएस सह राज्य खोप अधिकारी, मेडिकल अफिसर (सीभीसी सोच्यागाङ), नर्सिङ अफिसर, डी.डी एसआइईसीबी, एचईओ एसआइईसीबी र अन्य कर्मचारीहरू पनि कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो। यस अभियानमा निर्धारित उमेर समूहका किशोरकिशोरीहरूको उत्साहजनक सहभागिता देखिएको थियो।

## राज्यस्तरीय नामसुङ .......



परम्परागत स्टलहरूमा लगिएको थियो।

त्यसपछि मुख्यमन्त्रीलाई विशेष रूपमा तयार पारिएको परम्परागत लेप्चा घर'रोङ ली'लगिएको थियो।

## राज्यस्तरीय नामसुङ ..............

त्यसपछि मुख्यमन्त्री बोङ्थिङ लेप्चा पुजारीसँग औपचारिक पूजामा सहभागी हुनुभयो ।

कार्यक्रमको सुरुआत प्रमुख अतिथिलाई परम्परागत लेप्चा टोपी 'सुमोक त्यक्तक' लगाएर सम्मान गरिएको थियो । तामाङ, भोटिया र नेपाली नृत्यको प्रशंसामा परम्परागत लेप्चा नृत्य शैलीको प्रस्तुतिले स्वर तय गरेको थियो।

सो अवसरमा जलपाईगुडी निवासी सुश्री दीपावती देवनाथले लेप्चा गीत प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा आ-आफ्नो क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने ब्यक्तित्वहरुलाई सम्मान समेत गरिएको थियो ।

सो अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले निम्न व्यक्तित्वहरुलाई सम्मान गर्नुभएको थियो ।

१. श्री के.सी. लेप्चा
२. श्री लेन्डुप लेप्चा
३. श्री पासाङ नामग्याल लेप्चा
४. श्री ओङदेन छिरिङ लेप्चा
५. श्री ओङ्ग्याल छिरिङ लेप्चा
६. श्री सोनम वाङ्चुक लेप्चा
७. श्री लोडेन ग्यात्सो लेप्चा

त्यसपछि राज्यस्तरीय नामसुङ पर्व उत्सव समिति र विभिन्न संघसंस्थाले मुख्यमन्त्री प्रेमसिंह तामाङलाई अभिनन्दन गर्नुभयो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आफ्नो सम्बोधनमा, उपस्थित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गरनुभयो।

उहाँले भारतको स्वतन्त्रताको ७५ औं वर्षको स्मरणमा आजादी का अमृत महोत्सवको रुपमा राज्यस्तरीय नामसुङ महोत्सव आयोजना गरिएको बताउनुभयो।

मुख्यमन्त्रीले सिक्किममा मनाइने हरेक चाडपर्वले सिक्किमका जनताबीचको एकताको भावना झल्काउने बताउनुभयो। उहाँले यी चाडपर्वलाई कुनै खास समुदायमा मात्र सीमित नभई सबै समुदायले आ-आफ्नो रूपमा मनाउनुपर्ने बताउनुभयो।

उहाँले विगत एक महिनामा सबै राज्यस्तरीय महोत्सवहरूमा क्याबिनेट मन्त्रीहरू, विधायकहरू र अन्य विशिष्ट व्यक्तिहरूको साथमा आयोजकहरूलाई समर्थन र हौसला प्रदान गर्ने र हाम्रो समृद्ध संस्कृति र परम्परालाई जोगाउने दिशामा एक कदम रहेको बताउनुभयो।

मुख्यमन्त्रीले प्रत्येक समुदायले आफ्नो परम्परागत पहिरन जोगाउनुपर्नेमा जोड दिनुभयो। उहाँले यस अवसरमा सुझाव दिनुभयो- सबै सरकारी कर्मचारीहरूले कम्तिमा हप्तामा वा महिनामा एक पटक सिक्किमको परम्परागत पोशाक लगाउन सक्छन्। उहाँले भन्नुभयो कि यो सल्लाह वा सुझाव मात्र हो, र जनताको राय र प्रतिक्रियाको लागि खुला छ।

उहाँले भर्खरै घोषणा गरिएको 'अपतन फेलोसिप योजना' हाम्रा स्थानीय भाषाहरूको संरक्षणतर्फको एउटा कदम भएको बताउनुभयो । उहाँले लेप्चा युवाहरुलाई यस योजनाबाट लाभ लिन प्रोत्साहित गर्नुभयो।

उहाँले थप भन्नुभयो कि मेगा होमस्टे योजना हाम्रो स्थानीय संस्कृति र खानालाई प्रवर्द्धन गर्ने अर्को पहल हो र सबै मतभेदहरू त्यागेर एकताबद्ध रहन आग्रह गर्नुभयो।

कोभिड-१९बारे बोल्नुहुँदै मुख्यमन्त्रीले कोभिड-१९ को पहिलो र दोस्रो लहरमा राज्य सरकारले गरेको अभिनव दृष्टिकोणको स्मरण गर्नुहुँदै स्वास्थ्य क्षेत्रमा व्यापक सुधार ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले सिक्किमलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउने सरकारको लक्ष्य रहेको पनि जानकारी गर्नुभयो।

मुख्यमन्त्रीले आवश्यकतामा परेका मानिसहरूलाई आर्थिक सहायता प्रदान गर्न मुख्यमन्त्री कार्यालयको विशेष पहल रहने र 'मुख्यमन्त्री चिकित्सा सहायता योजना' को बारेमा विस्तृत जानकारी दिनुभयो। दुई चिकित्सक, एक सहसचिव र एक कर्मचारी सम्मिलित चार सदस्यीय टोलीले योजनाको व्यवस्थापन गरिरहेको र कार्यालय पुरानो एसटीएनएम अस्पतालमा रहेको र हरेक हप्ता बिहीबारदेखि शनिबार बिहान १० बजेदेखि बेलुकी ४ बजेसम्म सञ्चालन हुने उहाँले जानकारी दिनुभयो।

उहाँले एक साताभित्र सहयोग रकम स्वीकृत गर्ने संयन्त्रबारे पनि जानकारी दिनुभयो।

मुख्यमन्त्रीले विगत साढे दुई वर्षमा सरकारद्वारा गरिका केही ठूला विकासका कामहरुको पनि प्रकाश पार्नुभयो।

खाँचोमा परेका आमाहरूलाई आर्थिक सहायता प्रदान गर्न राज्य सरकारले परिकल्पना गरेको 'आमा' योजनाको विशेष उल्लेख गर्नुभयो।

उत्सव समितिले राख्नुभएका मागलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले निम्न घोषणा गर्नुभएको छ।

१. दारामदिनमा स्टेयरवे टु हेभेन प्रोजेक्ट २०२४ अघि नै समाप्त हुने

२. लेप्चा सामुदायिक घर निर्माणका लागि सरकारले गान्तोकमा उपयुक्त जग्गा दिने,

३. हि ग्याथाङ उच्च माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा स्तरोन्नति गरी आवश्यक बजेट स्वीकृत गरिएको छ अवगत गराउँनुभयो।

यसअघि मुख्यमन्त्रीलाई बिरस्पती परसाई सरकारी उच्च माध्यमिक विद्यालयमा स्वागत गर्नुका साथै विद्यालयको एनसीसीले गार्ड अफ अनर दिएको थियो।

विद्यालय एसएमसीको अनुरोधलाई सम्बोधन गर्नुहुँदै उहाँले विद्यालयको स्तरोन्नतिका लागि मुख्यमन्त्री राहत कोषबाट १० लाख रुपैयाँ उपलब्ध गर्नुभयो।

# कोभिड-१९ सम्बन्धी सिक्किम सरकारको ताजा निर्देशन

कोरोना महामारीको बढ्दो संक्रमणलाई ध्यानमा राख्दै १० जनवरी २०२२ देखि २४ जनवरी २०२२ सम्म राज्य सरकारका गृहविभागद्वारा जारी गरिएको अधिसूचना यसप्रकार छन्।

१) सिक्किम प्रवेश गर्ने सबै व्यक्तिहरूले ७२ घण्टअघि लिएको आरटीपीसीआर नेगेटिभ रिपोर्ट ल्याउनुपर्छ।

२)स्वस्थ्य विभागद्वारा सबै जाँच चौकी र पाक्योङ हवाईअड्डामा रेपिड अन्टिजन टेस्ट-को व्यवस्था मिलाउने।

३) सातदिन भन्दा पहिलेदेखि भारतमा रहेका नेपाल, भुटान र बङ्लादेशसितै विदेशका नागरिकहरू सिक्किम आउन सक्छन् तर उहाँहरूले ७२ घण्टाभित्रमा गरिएको आरटीपीसीआरको नेगेटिभ रिपोर्ट देखाउनुपर्छ।

४) सबै भारतीय अन्तराष्ट्रिय यात्रीहरू सिक्किम आएपछि सात दिनको गृह क्वारेन्टिनमा बस्नुपर्छ।

५) अन्तिम अङ्क विजोड भएका वाहनहरू विजोड मितिमा र अन्तिम अङ्क जोड भएका वाहनहरू जोड मितिमा चल्नेछन्।

६) वाणिज्यीक वाहन, आवश्यक सेवाका वाहन, अनि सुरक्षा सेना र आधिकारिक भ्रमणमा रहेका सरकारी गाडीहरूमाथि जोड-विजोड व्यवस्थामा लागु हुनेछैन।

७) पंजीकृत लगजरी ट्याक्सीहरूलाई पनि यस व्यवस्थाबाट छुट दिएको छ।

८) सिनेमा हल, पब्स् र यस्तै मनोरञ्जनका स्थलहरू साथै अनलाइन गेमिङ, लटरी, केसिनो पचास प्रतिशत क्षमतामा खुल्ला रहनेछन।

९) मल, सो-रूम र पसलहरू पनि पचास प्रतिशत क्षमतामा खुल्ला रहनेछन्।

१०) निजी वाणिज्यीक संस्थान र होम डेलिभरी सेवा चालु रहनेछन्।

११) फास्ट फुड मिठाइ दोकान र बेकरी र जिम, सेलुन र पार्लर पनि पचास प्रतिशत क्षमतामा खुल्ला रहनेछन्।

१२) सबै होटल, होमस्टे र अतिथि गृह कोभिड निर्देशनको कडा पालाना गर्दै पचास प्रतिशत क्षमतामा खुल्ला रहनेछन्।

१३) सबै औषधी पसल, पेट्रोल पम्प र ग्यास एजेन्सी खुल्ला रहनेछन्।

१४) सबै कारखाना र उत्पादन एकाई शत-प्रतिशत कर्मचारीसित चालु रहनेछन् । उहाँहरू कोभिड निर्देशिका र श्रम विभागका मार्ग निर्देशनका पालना गर्नुपर्छ।

१५) राज्य सरकारका सबै कार्यलय र प्रतिष्ठानहरू पचास प्रतिशत कर्मचारीहरूको उपस्थितिमा चालुरहनेछन्।

१६) केन्द्र सरकारका कार्यलयहरू केन्द्र सरकारको निर्देशिकाअनुसार चालु रहनेछन्।

१७) सम्बन्धित जिल्लाधीशको अनुमतिबिना कसैले पनि राहत सामाग्री र औषधी वितरण गर्न पाउने छैन।

## डा. शोभाकान्ति थेगिम (लेप्चा) स्मृति पुरस्कार -२०२२

डा. शोभाकान्ति थेगिम(लेप्चा)स्मृति पुरस्कार -२०२२ को छलफलको निम्ति मिति १०/०१/२०२२ को दिन एक सभा रहेको थियो। उक्त सभामा उपस्थित सबै सदस्यहरू बीच वैचारिक आदान-प्रदान भएपछि पुरस्कार-२०२२ को निम्ति निम्न लिखित प्रस्तावहरू पारित गरिएको थियो ती प्रस्तावहरू यस प्रकार रहेका छन्-

१) २०२२-को पुरस्कारको निमति केवल नेपाली भाषाका साहित्यिक पुस्तकहरू जस्तै (**उपन्यास, कथा, लघुकथा सङ्ग्रह, कविता सङ्ग्रह, समालोचना अनि नाटक**) जो २०१८,२०१९, अनि २०२० को अवधिमा प्रकाशित भएको हुनुपर्नेछ, ती पुस्तकहरूलाई मात्र स्वीकार गरिनेछ। पुरस्कार चयनको निम्ति केवल सिक्किम राज्य अनि दार्जीलिङ , कालिम्पोङ र जलपाइगुढी जिल्लाहरू( **दार्जीलिङ, कालिम्पोङ करसाङ, गोरूबथान, सिलगुढी, दुवर्स इत्यादि उक्त क्षेत्रहरू**) का साहित्यकारहरूका पुस्तक/कृतिलाई मात्र समावेश गरिने सभाद्वारा निर्णय गरिएको छ।

२) सभाद्वारा सबै सहभागीहरूलाई समान मौका दिनुका निम्ति उपरोक्त तोकिएको समयावधिभित्र लेखिएका साहित्यकारहरूको एउटा पुस्तकमात्र ट्रस्टद्वारा स्वीकृत गर्ने साथै गत २०२१-पुरस्कारका निम्ति पठाएका ती इच्छुक साहित्यकारका पुस्तकहरू (**साल २०१८ र २०१९ अवधिका मात्र**) जो चाहिँ ट्रस्टमा यथावत छ ती पुस्तकहरू पनि २०२२ का पुरस्कारका निम्ति छनौट राखिने सभाद्वारा छलफल भएको छ।

३) पुरस्कारको मूल्याङ्कनका निम्ति लेखकहरूले आफ्नो कृतिको ४ प्रति मिति १२/०२/२०२२ अथवा त्यस अगावै ट्रस्टको कार्यालयमा पठाइदिनु पर्ने ट्रस्टद्वारा अनुरोध रहेको छ।

## कोभिड खोप अनुसार सीआरएचद्वारा कोभिड-१९ को तेस्रो डोज(सावधानी खुराक)सम्बन्धि महत्त्वपूर्ण घोषणा

गान्तोक।

११ जनवरीः सीआरएच- ले २७ डिसेम्बर २०२१ मा जारी गरेको स्वास्थ्य र परिवार कल्याण मन्त्रालय, भारत सरकारको दिशानिर्देश अनुसार सीआरएच कोभिड-१९ को तेस्रो डोज (सावधानी खुराक) को लागि १० जनवरी २०२२ देखि खोप सेवाहरू सुरु गरिएको छ।




तेस्रो डोज कोभिड खोपको लागि योग्यताहरू निम्नानुसार छन्:

१. कोभिड भ्याक्सिनको तेस्रो डोज सबै वर्गका कर्मचारीहरूलाई उपलब्ध गराइनेछ

सीआरएच, एसएमआइएमएस एसएमयू एसएमआइटी क्लिनिक र एसएमआइएमएस एसएमसीकनका विद्यार्थीहरू र

एसएमसीपीटी र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूको निम्ति रहनेछ।

२. व्यक्तिले खोपको दिनमा कोभिड भ्याक्सिनको दोस्रो डोज पाएको ३९ हप्ता पूरा गरेको हुनुपर्छ।

३. कर्मचारीहरूले आफ्नो परिचय पत्र र दोस्रो खुराक खोप प्रमाणपत्र (हार्ड प्रतिलिपि वा सफ्ट प्रतिलिपि) ल्याउनु पर्छ।

४: कर्मचारीहरूले झन्झट मुक्त खोपको लागि सीबीसी मा आफ्नो नाम दर्ता गर्न सकिनेछ।

नोट: कमोरबिडिटीहरू र सामान्य खुराकहरू सहित ६०वर्ष भन्दा माथिको लागि भुक्तान गरिएको खोप पनि जनताको लागि उपलब्ध रहेका छन्।

## मन्त्री श्री लोकनाथ शर्माको विभागीय समन्वय बैठक



गान्तोक।

१० जनवरी, सूचना एवं जनसम्पर्क विभागका मन्त्री श्री लोकनाथ शर्माले विभागका अधिकारीहरू र कर्मचारीहरूसँग सूचना भवनमा विभागीय समन्वय बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा विभागीय सल्लाहकार श्री वीरेन्द्र ताम्लिङ, सचिव श्रीमती सिफोराह तार्गेन, निर्देशक श्रीमती बेनु गुरुङ र विभाग अन्तर्गतका सबै अधिकारी र फिल्ड स्टाफको उपस्थिति रहेको थियो। नयाँ वर्ष २०२२-को उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुहुँदै मन्त्री श्री शर्माले विभागको दैनिक कार्यसम्पादनमा राम्रो समन्वय गर्ने उपायबारे छलफल गर्न बैठक बोलाइएको बताउनुभयो। उहाँले क्षेत्रीय अधिकृत र कर्मचारीलाई आफ्नो कर्तव्य पूर्ण निष्ठाका साथ निर्वाह गर्न आग्रह गर्नुभयो। उहाँले विभागको समग्र कार्यसम्पादनमा सुधारका लागि पदाधिकारीहरूबाट नयाँ विचार र सुझावहरू पनि आह्वान गर्नुभयो। सबै पदाधिकारी र कर्मचारीलाई आफ्नो कामप्रति जवाफदेही बन्न कडा निर्देशन दिनुभयो। विभागका केही समस्याबारे मन्त्रीलाई अवगत गराइएको थियो जसमा उहाँले छिट्टै समाधान गर्ने आश्वासन दिनुभयो। बैठकलाई सल्लाहकार सचिव र अन्य अधिकारी र कर्मचारीहरूले पनि सम्बोधन गर्नुभयो।

यसै दिनमा मन्त्री शर्माद्वारा मुद्रण र स्टेशनरी विभागमा पनि अचानक भ्रमण गर्नुभयो। उहाँले प्रशासनिक, बाइन्डिङ, अफसेट प्रिन्टिङ, सीटीपी, डिजिटल, कम्प्युटर, लेआउट र स्क्रिनिङलगायतका प्रत्येक खण्डको सावधानीपूर्वक निरीक्षण गर्नुभयो। उहाँले पदाधिकारी तथा कर्मचारीसँग अन्तरक्रिया गर्नुहुँदै हरेक शाखाको हाजिरी र कामको बारेमा जानकारी लिनुभयो।

उहाँले कार्यदक्षता र आउटपुट बढाउनका लागि प्राविधिक सामान र मुद्रण उपकरणको विभिन्न पक्षका बारेमा पनि छलफल गर्नुभयो।

सचिव, श्रीमती अम्बिका प्रधानले प्राविधिक पक्षमा सुधार गर्ने गतिविधि र दायराबारे पनि जानकारी गराउनुभयो।

त्यसपछि मन्त्री श्री शर्माले पदाधिकारीहरूसँगको बैठकको अध्यक्षता गर्नुहुँदै नयाँ वर्ष २०२२ को सुरुवातसँगै नयाँ जोस र उर्जाका साथ काम गर्न थप हौसला दिनुभयो। उहाँले सन् २०२२ मा असाधारण उपलब्धि हासिल गर्न सबै तहबाट पूर्ण जवाफदेहितासहितको बलियो टोलीको कामको अपेक्षा गर्नुभएको छ । उहाँले सन् २०२१ देखि सरकारी विद्यालयको पाठ्यपुस्तक छपाईको काम सुरु गरेको सराहनीय पहलको स्मरण गर्नुहुँदै यस वर्ष पनि नयाँ अभ्यास गर्न सुझाव दिनुभयो। उहाँले सन् २०२२ मा धेरै जिम्मेवारीहरू पूरा गर्न सबैलाई शुभकामना दिनुभयो।

## योग्यता मितिको रूपमा अन्तिम मतदाता नामावली

गान्तोक।

१४ जनवरी, ०१/०१/२०२२ को योग्यता मितिको रूपमा अन्तिम मतदाता नामावली प्रकाशन मुख्य निर्वाचन अधिकारी, सिक्किम, श्री डी. आनन्दनद्वारा निर्वाचन विभागको सम्मेलन कक्षमा जारी भयो। प्रमुख कार्यकारी अधिकृतको साथमा संयुक्त मुख्य निर्वाचन अधिकृत श्रीमती पेमा लादेन लामा र उपमुख्य निर्वाचन अधिकृत श्री जाङ्पो ग्याल्टसेन पनि हुनुहुन्थ्यो। सिक्किमका राजनीतिक दलका प्रतिनिधि र सञ्चारकर्मीको उपस्थितिमा अन्तिम मतदाता नामावली जारी गरिएको छ। पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत डी.आनन्दनले अन्तिम मतदाता नामावली प्रकाशन गर्नु निर्वाचन विभागको वार्षिक अभ्यास हो, विशेष सारांश परिमार्जन पूरा गरेपछि थप्ने, मेटाउने र अन्य विभिन्न परिवर्तन गर्ने प्रक्रियालाई सहजीकरण गर्ने गरी गरिनेछ, उहाँले विशेष सारांश संशोधन २०२१ नोभेम्बर १ देखि ३० नोभेम्बरसम्म गरिएको जानकारी दिनुभयो। अन्तिम मतदाता नामावलीको विवरण सार्वजनिक गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृतले मतदाता नामावलीमा कुल मतदाता ४४४२६१ रहेको जानकारी दिनुभयो। उहाँले मतदाता नामावलीमा ०.९४ प्रतिशतले परिवर्तन भई ४१३३ पुगेको जानकारी दिनुभयो। १८ देखि १९ वर्ष उमेर समूहका नयाँ मतदाताको संख्या ४३९५ रहेको छ। अन्य तथ्यमा अन्तिम मतदाता नामावलीअनुसार अपाङ्गता भएका व्यक्तिको कुल मतदाता संख्या २२६७ पुगेको प्रमुख कार्यकारी अधिकृतले जानकारी दिनुभएको छ।

सीईओले थप जानकारी दिनुभयो कि प्रक्रियालाई सहज बनाउन विशेष सारांश

*रहल पृष्ठ ४ मा.....*

# माघे सग्राँती विशेष

– दिवाकर प्रधान

वर्षका बाह्रवटा मासमा बाह्रैवटा सग्राँती आउँदछन्। 'सग्राँती' शब्द संस्कृतको 'सङ्क्रान्ति' शब्दबाट आएको हो । 'सङ्क्रान्ति' भनेको सौर मासको पहिलो दिन अर्थात् १ गते हो। सङ्क्रान्तिको दिन सूर्य वा अरू कुनै ग्रहपुञ्ज एक राशिबाट अर्को राशिमा जाने काम वा त्यसरी प्रवेश गर्ने समय सङ्क्रान्ति हो। सजिलो गरी बुझ्नुपर्दा मासको पहिलो दिन हुँदछ। मार्ग सङ्क्रान्ति भनेको माघ मासको पहिलो दिन हो। यसलाई मकर सङ्क्रान्ति पनि भनिन्छ । मकर सङ्क्रान्तिमा 'मकर' शब्दले मकर राशिलाई इङ्गित गर्दछ। मकर सङ्क्रान्तिको दिन सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्दछ। एक राशिलाई छाडेर दोस्रोमा प्रवेश गर्ने यस विस्थापन क्रियालाई नै सङ्क्रान्ति भनिएको हो। सूर्य मकर राशिमा प्रवेश गर्ने भएकोले यस संक्रान्तिलाई मकर सङ्क्रान्ति भनिएको हो। १२ सङ्क्रान्तिमध्ये मुख्य ४ वटा सङ्क्रान्तिलाई महत्त्वसित हेरिएको छ । ती हुन् – मेष, तुला, कर्क अनि मकर सङ्क्रान्ति। हुन ता ज्योतिष विद्या विकसित भएपछि नै हिन्दू धर्मग्रन्थहरूतिर पनि राशिको महिमा मण्डन गरिएका हुन् । ईसापूर्व १०००–तिर वेदान्तकालमा लेखिएका ब्राह्मण ग्रन्थ र उपनिषद्हरूमा उत्तरायणको महिमा भए पनि राशिका कुराकन्थै छैनन्।

चन्द्रको आधारमा मासलाई दुई भागमा विभाजन गरिन्छ – कृष्ण अनि शुक्ल पक्ष। यस्तै गरी सूर्यको आधारमा वर्षका २ भाग हुन्छन् – उत्तरायण तथा दक्षिणायन। माघे सग्राँतीको दिनदेखि सूर्य उत्तरायण हुँदछ। अयन भनेको बाटो वा हिँडाइ वा गति हो। उत्तरायण अर्थात् यस समयदेखि धरतीको उत्तरी गोलार्द्ध सूर्यको सम्मुखमा जानेछ अर्थात् उत्तरदेखि नै सूर्य निस्कन लाग्दछ। ६ महिना सूर्य उत्तरायण हुनेछ र ६ महिना सूर्य दक्षिणायन हुनेछ। पृथ्वीको गोलार्धमा सूर्य उत्तर दिशातिर ढल्कने माघे सङ्क्रान्तिदेखि असारे मसान्तसम्म ६ मासको समय उत्तरायण हो। त्यसपछि भूमध्य रेखादेखि उत्तरतिर रहेको कर्क रेखादेखि तल दक्षिण मकर रेखासम्म हुने सूर्यको गतिलाई दक्षिणायन भनिन्छ। साउने सङ्क्रान्तिदेखि पुस मसान्तसम्म सूर्य दक्षिणायन हुँदछ। माघ १ गतेदेखि जलवायुमा न्यानोपना बढ्दै रात छोटो, दिन लामो हुँदै जाँदछन्। हिउँदमा घाम पूर्व दिशाको दाहिने कुनामा झुल्केर दाहिने–दाहिने भएर अस्ताउँदछ भने गर्मी लागेपछि देब्रेपट्टि झुल्किने र अस्ताउने हुन्छ। यही प्रक्रिया उत्तरायण र दक्षिणायन हुन्।

गोर्खाहरूले जस्तै भारतका विभिन्न जाति र राज्यहरूमा यसलाई भिन्न भिन्न नाम र पद्धतिले माघे सग्राँती मनाइन्छ। उत्तर प्रदेशको गोरखपुरमा खिचड़ी मेला लाग्दछ भने प्रयागराजमा कुम्भ मेला लाग्दछ। १२ वर्षमा एकपल्ट वा ६ वर्षमा एकपल्ट महाकुम्भ र अर्द्धकुम्भ मेला आयोजन हुन्छन् र त्यहाँ सुदूर पाहाड़का र सुदूर दक्षिणका योगीजन पनि भेला हुने गर्दछन्। ती योगीजन सग्राँती सकेपछि काशीको केदार घाटमा एक मास बस्दछन्। हाम्रोतिर माईबेनी मेला र जोरथाङ मेला प्रसिद्ध छन्। उत्तर भारतमा यसलाई खिचड़ी पर्व, पतङ्गोत्सव आदि पर्वको रूपमा मनाइन्छ। उत्तर पूर्वमा असमियाहरूले भोगाली बिहू मनाउँदछन्। पञ्जाब–हरियाणामा लोहड़ी, हिमाचल प्रदेशमा माघी, कश्मीर घाटीमा शिशुर सेङ्क्रात, बङ्गालमा पौष सङ्क्रान्ति, कर्नाटकमा मकर संक्रमण, गुजरात र उत्तराखण्डमा उत्तरायण, मध्य भारतमा सङ्क्रान्ति भनिन्छ र दक्षिण भारतमा ताई पोङ्गल वा उझवर तिरुनल। थाइल्याण्डमा सोङकरन, लाओसमा पि मा लाओ, म्यान्मारमा थिँयान, काम्बोडियामा मोहा सङ्क्रान, श्रीलमामा पोङ्गल, उझवर तिरुनल मान्दछन्। सबैले तर घामलाई सम्झेकै हुन्छन्। यसको उद्देश्य सूर्य देवताप्रति आभार प्रकट गर्नु हो, किनभने बाली पाक्नुमा घामको भूमिका अहम् हुँदछ।

आर्यहरूले होम गरेजस्तै वा पश्चिमीहरूले बोन–फाएर गरेजस्तै हाम्रा गाउँठाउँमा माघे सग्राँती मनाउन भेला भएका परिजनले एक दिनअघि साँझ गुट्टुट्टू आगा बाल्दथे र चामलको चरू, गुँड़, तरुल, मकै आदि अलिअलि चढाउँदथे। लोहड़ी मनाउनेहरूले पनि यसो गर्दा रहेछन् र भन्दारहेछन् 'आधार आए दिलाथेर जाए' अर्थात् 'घरमा सम्मान आओस् अनि अभाव जाओस्'। हामीचाहिँ लुतो झारेर साउने सग्राँतीमा अगुल्ठा फ्याकी कराउँदछौँ – 'उपिञा जा रुपिञा आइज'। खेतालाले खेतमा आगो बालेर अग्नि देवलाई खेतीपातीको उत्पादन क्षमता बढ़ाइदिने प्रार्थना गर्दछन्। गोर्खा जातिमा माघे सग्राँती बिहान कोहीसँग नबोली खोला नुहाउने वा मकर नुहाउने चलन छ। नुहाएर पूजा गरीकन सूर्य देवतालाई ढोगेपछि परिवारका वरिष्ठ सदस्यले काँचो वनतरुलका टीका लगाइदिँदछन् । वनतरुलका ससाना टुक्रा काँचै खाने चलन छ। पहिले त तरुल पोलेर तेलमा मिसाई टीका बनाउँदथे अनि काँचा तरुलहरू केराका पातमा हाली वनदेवताहरूलाई चढाउने चलन पनि थियो।

कृषि प्रधान देशमा पर्वहरू प्रायः कृषिसितै सम्बन्धित हुन्छन्। उपलब्ध उब्जनी नै पर्वमा उपयोग हुँदछन्। मङ्सिरमा नै काटिएका तोरी, फापर, तिल अनि भखेँरै खनिएका तरुल आदि मनमोहक बालीले गर्दा यो पर्वलाई झनै महत्त्व दिने गरेको छ । जाड़ो याममा वातावरणको तापक्रम कम हुने कारणले शरीरमा रोगव्याधिको सम्भावना धेर हुन्छ । यसैलाई रोकथाम गर्न यस दिन तिल आदि परिकारले बनेका मिष्ठान्न बनाएर खाने, किसिम–किसिमका दाल पिँधेर फुलौरा बनाउने, घ्यू चाकु, विभिन्न तरुल, सखरखण्ड आदि पोसिला खानेकुरा खाएर माघे सग्राँती मनाउने परम्परा छ। यिनीहरूमा तातो बनाउने तत्त्व हुने भएकोले वैज्ञानिक कारणले पनि यसलाई प्रचलनमा ल्याइएको हो। यसमा शरीरको लागि लाभदायक पोषक पदार्थ समेत पाइन्छ। नेवार समुदायमा घ्यू चाकु, तरुल, सखरखण्ड राखी अलिबलिसहित समयबजी, ऐला, माछा, छ्वयला, खे (अण्डा)–सहित छेवैका आ–आफ्ना ठाउँका गणेश तथा पीठमा गई पूजा, पितृलाई तर्पण अनि दीनदुःखी र ब्राम्हणलाई सिधादान समेत गरी आफू घ्यू चाकु, तरुल, समयबजी खाने भएकाले नेवार भाषामा यो मकर संक्रान्तिलाई घ्यःचाकु सन्हु र हाम्व सन्हु पनि भनिन्छन्। आजै तराईका थारु समुदायमा माघी पर्व मनाइन्छ। पूर्वमा त्रिशूलीदेखि पश्चिममा कर्णाली नदीबिच पाहाड़ी भूभाग पुरानो मगरात बस्ने र पछि अरूतिर छरिने लाङ्वाली (मगर)–का लागि माघे सग्राँती मुख्य पर्व हो । ताता ठाउँ तराई झरिझरी लिम्बुहरूले यस पर्व ३ दिन मनाउँछन्। लिम्बुहरूले माङहिम (माङ = द्यौता, हिम = घर) अर्थात् मन्दिरमा च्याब्रुङ बजाएर धान नाच्दै सिजौँवा (सिँ = गहुँ, मँवा = तातो पार्ने पानी) (पेय पदार्थ) खाँदै माघे सग्राँती मनाउँछन् । माघे मेला हुँदा गोर्खाका सबै जात भेला हुन्छन् । एउटा जातले आयोजन गरेका मेलामा सबै जात पुग्छन्। उदाहरणका लागि माईबेनी मेलामा लिम्बुहरूसित धान नाच्ने सबै जातका हुन्छन्। नेपाल, दार्जिलिङ पाहाड़, तराई, डुवर्स, सिक्किमका विभिन्न पवित्र तीर्थ स्थलहरूमा मेला पनि लाग्ने गर्दछन्। नेपालमा तनहुँको देवघाट, सुनसरीको बराहाक्षेत्र, नुवाकोटको देवीघाट, भक्तपुरको टौमढी टोलस्थित माधव नारायण( वाकुपति नारान) चोकमा गाईलाई उसिनेको गहुँ खुवाउने र वाकुपति नारानलाई घ्यू चाकु र तिलले अभिषेक गर्ने परम्परा रहेका छन्। यसै दिन भक्तपुरमै पाँचवटा विहारका दीपमर पञ्चबुध्दहरू (अजाजु)–को जात्रा हुने गर्दछन् ।

यस दिन खाइने परिकारको समेत आफ्नै महत्त्व रहेको छ। विशेषगरी माटोमुनि फल्ने तरुल, सखरखण्ड, पिँडालुका साथै चाकु, तिलको लड्डु, फुलौरा, खिचड़ी पनि खाने प्रचलन छ। जाड़ो याममा शरीरलाई धेरै पौष्टिक आहार चाहिने भएकाले माघे सग्राँतीमा खाइने यी आहारले शरीरलाई आवश्यक शक्ति दिई रोगसँग लड्ने क्षमतासमेत बढाइदिँदछन्। तिलमा पर्याप्त क्याल्सियम र भिटामिन बी हुनाले शरीरलाई ऊर्जा दिने, सखरखण्डमा कार्बोहाइड्रेट धेर हुने, ए र डी भिटामिन हुने, गुलियो भए तापनि यसमा उच्च स्तरमा चिनीको मात्रा नहुने र फाइवरसमेत प्रशस्त पाइने हुनाले शक्ति दिने, आँखा र हड्डी बलियो बनाउने, अनावश्यक तौल घटाउने अनि मलावरोध सुचारु बनाउने हुन्छ भनिन्छ।

हाम्रा जनजातीय चाड़पर्व पर्यावरणप्रिय हुन्छन्। हामी मूलतः जनजाति नै हौँ। आफूलाई अरूले सभ्य मानून् भनेर स्थापित धर्ममा लागेर संस्कृतिको नाममा प्रकृति नाश गर्नमा लाग्यौँ। सभ्य हुने स्वाङ पार्दापार्दै अचेल नेपाली शब्दहरू दबाइन्छ र अरबी–फारसी लादिन्छ। आफ्नो जीवनशैलीसित मिल्ने झ्याउरे, सेलो, सङ्गिनी, दोहोरी, लहरी, सवाईहरू प्रोन्नत गर्नको साटो गजल, मुशायरा, रुबाई, हाइकुतिर मक्ख हुन्छौँ। आफ्नो भाषा संस्कृति देखाउनु लजाउने तर अर्काको लिने दास प्रवृत्तिले गर्दा आफैले दुःख पाउँदछौँ। हाम्रा मूल्य–मान्यताहरू प्रकृतिमय थिए। अझ विदेशी धर्म–संस्कृतिले त पर्यावरणविरोधी जीवनशैली सिकाइरहेका छन्। स्थापित धर्महरूले जनजातीय जीवन पद्धति निमिट्यान्नै पारेका उदाहरण संसारभरि पाइन्छ। धर्म प्रचार गर्ने उद्देश्यले जनजातीय संस्कार–संस्कृतिलाई धर्मसित जोड़ेर व्याख्या गर्दछन्। हिन्दू धर्मग्रन्थहरूले माघे सग्राँतीलाई घरि सूर्य र उनको छोरो शनिसित मिलाएर बाबु–छोरोको मिलनसित जोड़िदिएको पाइन्छ भने घरि भगिरथले तपस्या गरीकन गङ्गाजीलाई पृथ्वीमा उतारेको अनि अयोध्यामा जह्नु ऋषिको आश्रम हुँदै गङ्गासागर पुगेकी अनि त्यहाँ भगिरथले पितृ तर्पण गरेको कथासित जोड़िदिएको पाइन्छ। गङ्गाजी सम्झेर धारा–खोलामा आज नुहाए पाप काटिने र मोक्ष पाउने विश्वास प्रचारमा छ। शैवहरूका कथामा आज शिवजीले विष्णुजीलाई आत्मज्ञान दिएको कथा प्रचार गर्दछन् भने वैष्णवहरूले विष्णुजीले असुरहरू समाप्त गरी युद्ध सकिएको घोषणा गरेका कथा सुनाउँदछन्। बाबु शान्तनुबाट इच्छामृत्युको वरदान पाएका भीष्म वाणशय्यामा रहेर पर्खेर पनि माघे सग्राँतिमा सूर्य उत्तरायण हुनथालेपछि शरीर त्याग गरेको कथा महाभारतमा पाइन्छ। बौद्ध धर्ममा अर्पण, तर्पण र समर्पणजस्ता परकल्याण, सम्प्रीति र सद्भाव आदि आध्यात्मिक भावनाका कथा माघे पर्वसित जोड़िएका छन्।

माघे सग्राँतीको दिन सग्राँती भाग बाँड्ने चलन पनि छ। मगरहरूबाट सिकेको भाग बाँड्ने प्रक्रियालाई मिश्रा बाँड्नु भनिन्छ । मगरहरूले चेलीबेटीलाई पूजेर मिश्रा दिन्थे भने अचेल चामल फलफुल तरुल रोटी आदिका मिश्रा घरघर बाँड़िन्छ । मस्यान्द्रा खोल्नु पनि मगरहरूले सिकाएको बुझिन्छ । घरबेटीले प्रत्ययेक मस्यान्द्रा टोलीलाई सालको पातबाट बनेका टपरीमा एक टपरी चामल गहुँ र फापरको रोटीसहित सकेजति दक्षिणा रुपिञा दिने चलन रहेको छ। यसरी मस्यान्द्रा माग्दै घर–घरमा डुल्ने कामलाई नै मस्यान्द्रा खेल्ने भनिन्छ। मागेको मस्यान्द्रालाई संकलन गरेर एक दिन विशेष गरेर चेलीहरूले घरदेखि बाहिर गएर सङ्गीहरूसँग रमाइलो गर्दै खाने गर्दछन्। माघे सग्राँतीमा मकर नुहाएर फर्कँदा जौँका आँकुरा टिपेर कान वा केशमा झोम्पलेनी लगाउने गर्दथे। पहिले मगरहरूले माघे सग्राँतीमा स्याम्भो गाउँदथे। अचेल सबै जातले स्याम्भो गीत गाउनथाले। संस्कृतिलाई प्रकृतिमा नराखेर विकृति गराउनेहरूले चाहिँ च्याप गाउँदछन्। माघे सग्राँतीमा युवाहरूले तारो हान्ने खेल खेल्दथे । चान हान्नु पनि भन्दथे। अचेल सुटिङ कम्पिटिसन भयो।

माघे सग्राँतीलाई वसन्त ऋतुको आगमनको संकेतको रूपमा पनि लिइन्छ। चिसो ठाउँमा भने सरस्वती पूजादेखि वसन्त ऋतु लागेको मानिन्छ भने अझ लेकतिर लोसरदेखि मात्र वसन्त लाग्दछ।

कठ्याङ्ग्रिने जाडोमा मरिन्छ कि कसो ? भन्ने भयले उखान नै बनियो – लुतेलाङ्ग्रा माघलाई बलिया बाङ्गा बाघलाई। माघको जाड़ोमा घुम्नजाऔँ गाड़ीमा, माया मारी जानेलाई सम्झन नै जानिनँ–जस्ता माघबारे गीतहरू पनि थुप्रै छन्। माघको ठिहीमा बाँच्न हम्मे पर्ने र साउने सग्राँतीसम्म बाँच्नसके बल्ल बाँचियो भनी माघदेखि असारसम्मको छ मास अनिकालजस्तै स्थितिको कैरन बुढापाकाको मुखबाट अझ सुनिन्छ । अहिलेकालाई पुगिसरी छ, यस पुगिसरीले पुख्यौंली पौरखलाई परख गरी आगतका आँखा ओभाने बनाउने प्रचेष्टा गर्लान्। माघे सग्राँती सबैलाई शुभकारक होस्।।

## योग्यता मितिको रूपमा....

संशोधनको क्रममा प्रविधिको अधिकतम प्रयोग गरिएको थियो। गरुडा एप र पीडब्ल्यूडी एप सम्पूर्ण प्रक्रियामा व्यापक रूपमा प्रयोग गरिएको छ। मुख्य निर्वाचन अधिकारीले विशेष सारांश संशोधन र अन्तिम मतदाता नामावली प्रकाशनमा संलग्न ईआरओएस, एईआरओएस,बीएलओएस र सबैको सक्रिय भूमिकालाई स्वीकार गर्नुभयो। सीईओद्वारा २५ जनवरीका लागि तोकिएको राष्ट्रिय मतदाता दिवस कोभिड दिशानिर्देशहरूको विधिवत पालना गर्नुहँदै कम स्तरमा आयोजना गरिने जानकारी पनि दिनुभयो। पत्रकार सम्मेलनपछि प्रमुख कार्यकारी अधिकृतले सो अवसरमा उपस्थित राजनीतिक दलका प्रतिनिधिलाई अन्तिम मतदाता नामावलीको सफ्टकपी हस्तान्तरण गर्नुभएको थियो। मतदाता नामावली प्रमुख कार्यकारी अधिकृतको कार्यालयको आधिकारिक वेबसाइट ceosikkim.nic.in मा उपलब्ध हुने जानकारी गरिएको छ ।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps.17. 01. 2022